परिशिष्ट-१
(दफा-३ संग सम्बन्धित)
माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नयाँबजार, इलाम

# करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१५)

प्रस्तुत विषयमा, नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ८५ मितिः२०७८/०७/०८ गतेको पत्रानुसार गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत परिवार सर्वेक्षण कार्यका लागि देहायमा उल्लिखित जनशक्ति पदपुर्तिका लागि देहायमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरणसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | मासिक पारिश्रमिक | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | गणक (सहायकस्तर चौथो) | नेपाल सरकारको रा.प.अनं. द्धितीय श्रेणी सरह | ५ जना |
| २ | ०२/०७८/०७९ | सुपरिवेक्षक (सहायकस्तर पाँचौं) | नेपाल सरकारको रा.प.अनं. प्रथम श्रेणी सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

**विज्ञापन नं. ०१/०७८/०७९ गणकको लागि**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको।
ख) १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको।
ग) नेपाली युनिकोड टाईप गरी तथ्यांक संकलन गर्न सक्ने।
घ) माईजोगमाई गाउँपालिकाको स्थानिय बासिन्दालाई विशेष प्राथमिकता दिइने छ।

**विज्ञापन नं. ०२/०७८/०७९ सुपरिवेक्षकको लागि**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्वन्धी आधारभूत ज्ञान भएको।
ख) १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको।
ग) नेपाली युनिकोड टाईप गरी तथ्यांक संकलन गर्न सक्ने।
घ) माईजोगमाई गाउँपालिकाको स्थानिय बासिन्दालाई विशेष प्राथमिकता दिइने छ।

२. दरखास्त दिने स्थानः माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम।
३. दरखास्त दिने अन्तिम मिति : सुचना प्रकाशन भएको मितिले सात (७) दिनमा।
४. आबेदन दस्तुर रु १००।
५. छनौटको किससम : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र प्रयोगात्मक।
६. आबेदन साथ संलग्न कागजातहरु : आबेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रमाण-पत्र
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण-पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गरिव परिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशिका २०७५ ले तोके अनुसार
८. पारिश्रमिक भुक्तानी सम्बन्धमा : मासिक लक्ष्य बमोजिम तथ्यांक संकलन भएको विवरण पेश भएपछि मात्र मासिक पारिश्रमिक भुक्तानि गरिनेछ। कुनै कारणले तथ्याक सकलन गर्न ५ महिना भन्दा बढी अवधि लागेमा ५ महिना भन्दा बढीको पारिश्रमिक भुक्तानी हुने छैन।
९. आबेदनको ढाँचा लगायत अन्य जानकारीका लागि माईजोगमाई गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला वा कार्यालयको फोन नम्बर ०२७-४११०४४, ९८४२६४७१४१ मा सम्पर्क राख्नुहोला वा माईजोगमाई गाउँपालिकाको वेवसाईड www.maijogmaimun.gov.np मा हेर्नुहोला।

भागवत प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत